भूकम्पपछिको द्रुत पुनर्निर्माण

छलफल पत्र १

पृष्ठभूमी

नेपालमा २०७२ साल वैशाख १२ गतेको ७.८ रेक्टर स्केल मापन गरिएको विनाशकारी भूकम्पले ठूलो क्षति पुऱ्याएको छ । राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार, त्यसपछि चार रेक्टर स्केल माथिका ३५० भन्दा बढी परकम्प मापन गरिएको छ । यस अतिरिक्त, वैशाख २९ गतेको ७.३ रेक्टर स्केलको शक्तिशाली परकम्पको धक्का देशको मध्य तथा पश्चिम क्षेत्रमा थप क्षति अवलोकन गरिएको छ । यसअघि नै कमजोर भइसकेका घर, भौतिक पूर्वाधारमा थप क्षतिका साथै ग्रामीण क्षेत्रमा पहिरोको जोखिम बढाएको छ ।

सरकारले भूकम्पका कारण करिब ९,००० मानिसको मृत्यु तथा १७,८६६ घाइते भएको अनुमान गरेको छ । त्यस्तै, ४८९,५४९ घरमा पूर्ण र २६९,५३४ घरहरूमा आंशिक क्षति पुगेको छ, जसका कारण हजारौं मानिस अस्थायी आश्रयको खोजीमा पाल र त्रिपालमुनि बसिरहेका छन् । क्षति भएका मध्ये ९९ प्रतिशत निजी घर छन् । यसैबीचमा हजारौं विद्यालय पूर्ण र आंशिक रूपमा क्षतिग्रस्त भएका छन् ।

उद्धार र राहत कार्यको प्राथमिकीकरणका लागि सरकारले ७५ जिल्लामध्ये १४ जिल्ला (मध्य र पश्चिम क्षेत्रका) लाई अत्यन्त प्रभावित र अन्य ३१ लाई प्रभावित जिल्ला घोषणा गरेको छ ।

गोरखा भूकम्पका प्रभाव

आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ उत्पादन (जीडीपी) मा १.५ प्रतिशत बिन्दुले कमी आएर ३ प्रतिशत को वृद्धिदर कायम हुने अनुमान गरिएको छ । भूकम्पअघि यस्तो आर्थिक वृद्धिदर ४.६ प्रतिशत कायम हुने अनुमान गरिएको थियो । भूकम्प प्रभावित नेपालको गत आवको दशौं महिनासम्मको तथ्यांक विश्लेषण गर्दा खासगरी सेवा क्षेत्रमा परेको ठूलो असरका कारण आर्थिक वृद्धिदरमा असर पर्ने देखिन्छ ।

आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा), प्रतिशत



आर्थिक वर्ष २०७१/७२ मा नेपालको कुल गार्हस्थ उत्पादन २१.६ अर्ब डलर (भूकम्प अघिको अनुमानभन्दा ३७ करोड १० लाख डलर कम) रहने अनुमान गरिएको छ । सेवा क्षेत्रको नोक्सानी आर्थिक वृद्धिदरमा १.५ प्रतिशत र कुल मूल्य अभिवृद्धिको ६२ प्रतिशत हुन्छ ।

- भूकम्प अघिको तुलनामा प्रतिव्यक्ति आय २३ डलरले घट्ने अनुमान गरिएको छ । (यसअघि प्रतिव्यक्ति आय ७८५ डलर हुने अनुमान गरिएको थियो)
- भूकम्पका कारण आयआर्जनमा परेको असरका कारण करिब सात लाख देखि नौ लाख ८२ हजारसम्म मानिसहरू गरिबीको रेखामुनि धकेलिने अनुमान गरिएको छ । यसले भूकम्पअघिको आधार वर्षमा अनुमान गरिएको २१ प्रतिशतको गरिबी सन् २०१५ मा २.५ प्रतिशतदेखि ३.५ प्रतिशत बढ्ने अनुमान गरिएको छ । गरिबीको रेखामुनि धकेलिने अनुमान गरिएको यस्तो जनसंख्याको ५० देखि ७० प्रतिशत ग्रामीण मध्य पहाड र उच्च पहाडी क्षेत्रका बासिन्दा हुन्, जुन जनसंख्या भूकम्पअघि पनि कमजोर अवस्थामा थियो । आय आर्जनका अवसर गुम्नुका साथै तथा जनजीविकामा परेको असर (आम्दानी गर्ने सदस्यको मृत्यु तथा घाइते हुनु समेत) तथा घर, उत्पादनशील सम्पत्ति (बीउबीजन, पशुपंक्षी तथा खेती गर्ने साधन) र दीर्घकालीन सम्पत्ति (विभिन्न खालका घरयासी सामान) मा भएको क्षतिका कारण आयआर्जनमा असर परेको हो ।

विपद्पछिको आवश्यकता आकलन (पीडीएनए)

प्रारम्भिक अनुमान अनुसार, कुल क्षति तथा नोक्सानी कुल गार्हस्थ उत्पादनको ३३ प्रतिशत (अर्थात् ७ अर्ब डलर) र पुनरोत्थानको लागत ६.७ अर्ब डलर (अर्थात् कुल गार्हस्थ उत्पादनको ३१.४ प्रतिशत अनुमान गरिएको छ), जसमा ५० प्रतिशत घर तथा आवासको क्षति हो । पुनरोत्थानको कुल लागतमध्ये उत्पादनशील र पूर्वाधार क्षेत्रमा क्रमशः १७.७ प्रतिशत र ११.१ प्रतिशत आवश्यक पर्दछ, जुन कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत र ३.५ प्रतिशत हो । त्यस्तै, कृषि, शिक्षा, विद्युत् तथा यातायात क्षेत्रमा पुनरोत्थानका लागि क्रमश : १५.६ करोड डलर, ३९.७ करोड, १८.६ करोड तथा २८.२ करोड डलर आवश्यक पर्ने अनुमान गरिएको छ ।

कुल अनुमानित पुनरोत्थान लागत (अर्ब डलरमा)

विषयगत क्षेत्र	समावेश क्षेत्र	क्षति	नोक्सानी	कुल आवश्यकता
सामाजिक क्षेत्र	सांस्कृतिक सम्पदा, शिक्षा, स्वास्थ्य, घर तथा मानव बस्ती,	३.५	०.५	४.०
उत्पादनमूलक क्षेत्र	कृषि, वित्तिय क्षेत्र, उद्योग तथा वाणिज्य, सिंचाई, पर्यटन	०.६	१.२	१.२
पूर्वाधार	विद्युत्, यातायात, खानेपानी तथा सरसफाइ	०.५	०.१	०.७
एकआपसमा अन्तरसम्बन्धित	लैंगिक, सामाजिक सुरक्षा, पोषण, रोजगारी तथा जनजीविका, विपद् जोखिम न्यूनीकरण, वातावरण तथा वन, सुशासन	०.५	०.३	०.८
कुल		५.१	२.१	६.७

स्रोतः पीडीएनए सचिवालय, राष्ट्रिय योजना आयोग

यो नोट नेपाल आर्थिक पत्रकार समाजद्वारा अर्थमन्त्री, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष तथा सदस्य, अर्थशास्त्री विकास अर्थशास्त्री तथा दातृ निकायका प्रतिनिधि लगायतका सरोकारवालासँगको छलफलका आधारमा तयार पारिएको हो । यस विश्लेषणको मुख्य भाग एसियाली विकास बैंकको भूकम्पपछिका विभिन्न प्रकाशन, पुस्तक तथा ब्लग आदिबाट साभार गरिएको हो ।

पुनर्निर्माण सम्मेलन

जुन २५ (असार १०) मा नेपाल सरकारले नेपालको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सम्मेलन (आइसीएनआर) आयोजना गऱ्यो । ५० विभिन्न देश तथा दातृ निकायका उच्च प्रतिनिधिको उक्त सम्मेलनमा सहभागिता रह्यो ।

सरकारले उक्त सम्मेलनमा ४.४ अर्ब डलर (अनुदान सहयोग र सहुलियत ऋण गरी) सहायता प्रतिवद्धता प्राप्त गऱ्यो । भारत र चीनले क्रमशः १.४ अर्ब डलर र ७६.७ करोड डलर सहायता प्रतिवद्धता जनाए । विश्व बैंक, जापान, अमेरिका तथा युरोपेली संघबाट क्रमशः ५० करोड, २६ करोड, १३ करोड तथा ११.७ करोड डलर सहायता प्रतिवद्धता प्राप्त भएको छ ।

एसियाली विकास बैंकले यसका अध्यक्ष ताकेहीको नाकाओको उपस्थितिमा ६० करोड डलर सहयोगको वचनबद्धता जनाएको छ । जसमध्ये २० करोड आपतकालीन सहयोगको रूपमा जुन २४ (असार ९) सञ्चालक समितिले अनुमोदन गरेको थियो । यो सहयोग विद्यालय, सडक तथा सार्वजनिक भवनको पुर्ननिर्माणका लागि उपयोग गरिनेछ ।

अन्तर्राष्ट्रिय दातृ सम्मेलनमा पुनर्निर्माण्का लागि प्राप्त सहयोग प्रतिवद्धता



(स्रोतः नेपाल आर्थिक पत्रकार समाजको संकलन, एसियाली विकास बैंक)

बजेट २०७२/७३

आर्थिक वर्ष २०७२/७३ को बजेट मूल रूपमा भौतिक तथा सामाजिक संरचना, घर तथा जनजीविकाको पुनर्स्थापना र पुनर्निर्माणमा केन्द्रीत छ । पुननिर्माणका कार्य आगामी पाँच वर्षभित्र सम्पन्न गरिनेछ ।

आर्थिक वर्ष २०७२/७३ का लागि कुल खर्च परिव्यय आठ खर्ब १९ अर्ब (जीडीपीको ३३.८ प्रतिशत), अघिल्लो आर्थिक वर्षको यथार्थ खर्चको तुलनामा ५६.७ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०७२/७३ खर्च संरचनामा चार खर्ब ८४ अर्ब रूपैयाँ चालू खर्च (बजेटको ५९.१ प्रतिशत), दुई खर्ब आठ अर्ब ९० करोड (२५.५ प्रतिशत) र एक खर्ब २६ अर्ब ३० करोड (१५.४ प्रतिशत) साँवाब्याज भुक्तानी व्यवस्थातर्फ विनियोजन गरिएको छ ।

बजेटले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई विशेष कार्यान्वयन अधिकार, प्रभावकारी नेतृत्व तथा आवश्यक स्रोतसहित सकेसम्म छिटो पूर्ण रूपमा सञ्चालनमा ल्याउने वचनवद्धता गरेको छ । पुनर्निर्माण कार्यका लागि ९१ अर्ब रूपैयाँ (९१ करोड डलर) विनियोजन गरिएको छ । जसमध्ये ७४ अर्ब रूपैयाँ (७४ करोड डलर) राष्ट्रिय पुनर्निर्माण कोषबाट खर्च हुनेछ र यसले घरहरू, सार्वजनिक भवन, पुरातात्विक सम्पदा, भौतिक पूर्वाधारको पुनर्निर्माण तथा उत्पादन क्षमता वृद्धिका कार्यहरू सञ्चालन गरिनेछ । करिब १७ अर्ब रूपैयाँ (१७ करोड डलर) पुनर्निर्माण प्राधिकरणले पूर्णता नपाउन्जेलसम्मको अन्तरिम व्यवस्था स्वरूप सम्बन्धित मन्त्रालय तथा निकायबाट पुर्ननिर्माण कार्यका लागि खर्च गरिनेछ ।

खर्चलाई तीव्रता दिन बजेटले ठूला परियोजनाहरूमा विनियोजन भएको रकम खर्च गर्न मन्त्रालयहरूलाई राष्ट्रिय योजना आयोगको पूर्वस्वीकृति लिनु नपर्ने व्यवस्था गरेको छ ।

आर्थिक वर्ष २०७२/७३ को पुर्ननिर्माण योजना र राष्ट्रिय पुनर्निमाण कोषको संरचना (अर्ब रूपैयाँमा)

मन्त्रालयहरूले खर्च गर्ने अन्तरिम व्यवस्था - रू. १७ अर्ब
राष्ट्रिय पुनर्निर्माण कोष - रू. ७४ अर्ब

पुनर्निर्माण बजेट



(स्रोत : बजेट वक्तव्य २०७२/७३)

खर्च संरचना



(स्रोतः बजेट वक्तव्य २०७२/७३)

दुई महत्वपूर्ण सवालहरू

यतिबेला सरकार समक्ष सबैभन्दा ठूलो प्रश्न के छ भने हरेक वर्ष अर्थपूर्ण बजेट कार्यान्वयनमा देखिएको कमजोरी र पुनर्निर्माण प्राधिकणको सञ्चालनमा भइरहेको ढिलाइले पुनर्स्थापना र पुननिर्माण कार्यमा तीव्रता तथा अनुमानित पुँजीगत खर्च पाँच वर्षभित्रै पूर्णरूपमा खर्च होला त?

यहाँ दुई महत्वपूर्ण सवाल,

१. **भूकम्पपछिको पुनर्निर्माण र पुँजीगत खर्च कार्यान्वयनमा के फरक छ?**
आर्थिक वर्ष २०७२/७३ देखि सम्बन्धित मन्त्रालयले ठूला पूर्वाधार आयोजनाका लागि विनियोजित खर्च राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको स्वीकृतिबिनै खर्च गर्न सक्छन् । यसको अर्थ सम्बन्धित मन्त्रालयका सचिवमा यो खर्च गर्ने पूर्ण अख्तियारी हुन्छ ।
- कति पुँजीगत बजेट द्रुत रूपमा खर्च हुन गइरहेको छ?
- आर्थिक वर्ष २०७२/७३ मा विनियोजित पुनर्निर्माण बजेट कसरी खर्च गर्ने किनकी निर्माण सुरू हुनुअघि गर्नुपर्ने उल्लेख्य काम (जस्तै, परियोजना कार्यालय स्थापना, कर्मचारी परिचालन तथा क्षमता विकास, खरिद प्रक्रिया, ठेकेदार तथा परामर्शदाता नियुक्ति) बाँकी छन् ?

गत आर्थिक वर्ष २०७१/७२ मा विनियोजित पुँजीगत बजेटको ७०-७५ प्रतिशत बजेट खर्च भएकोमा ६० प्रतिशत अन्तिम त्रैमासमा खर्च भएको हो ।

कर्मचारीतन्त्रको अड्चन :
- परियोजना स्वीकृति
- अन्तर तथा आन्तरिक मन्त्रालय समन्वय

परियोजनामा न्यून तत्परता
- विस्तृत योजनाको कमी
- राम्रो खरिद योजनाको अभाव
- जग्गा अधिग्रहण

सुस्त परियोजना प्रगति

- उच्च कर्मचारी दरबन्दी
- कर्मचारीको क्षमता अभाव
- लामो खरिद प्रक्रिया
- ठकेदारको कमजोर क्षमता
- निर्माण व्यवस्थापनमा कमजोरी
- राजनैतिक अस्थिरता

२. प्रस्तावित राष्ट्रिय पुनर्निर्माण प्राधिरण पूर्ण रूपमा सञ्चालनमा आउन कति समय लाग्छ?

- पुनर्निर्माणका काम पाँच वर्षभित्र सम्पन्न गर्न कस्तो खालको नेतृत्व र जनशक्ति आवश्यक हुन्छ?
- माथि उल्लेखित पुँजीगत खर्चका अङ्चनहरू फुकाउन प्राधिकरणलाई कस्तो अधिकार दिइन्छ?
- कार्यान्वयन निकायहरूलाई प्राधिकरणले कसरी सहजीकरणको सुनिश्चितता प्रदान गर्नसक्छ ?

भूकम्पपछिको पुनर्निर्माण योजना

भूकम्पपछिको पुनर्निर्माण र पुनरोत्थान प्रस्तावित पुनर्निर्माण प्राधिकरणद्वारा परियोजनाहरू कार्यान्वयनको व्यापकता र गतिमा निहीत रहन्छ ।

सरकारले प्रस्ताव गरेको योजना यस्तो छ :

व्यवस्थापन संरचना

- प्रधानमन्त्रीले नेतृत्व गर्ने परामर्श समिति
- सञ्चालनको नेतृत्व गर्नै प्रमुख कार्यकारी अधिकृत (सीइओ) । पूर्ण रूपमा स्वतन्त्र हुँदैन उसले सामान्य अवस्थामा मन्त्रिपरिषद्बाट अनुमोदन गराउनुपर्ने विषय प्रधानमन्त्री नेतृत्वको समितिबाट निर्णयहरू गराउनुपर्छ । राजनीतिक निर्देश जरूरी हुने यस्ता विषयहरूमा परामर्श समिति सदस्यहरूको कार्यव्यस्तता कारण निर्णयमा ढिलाइ हुनसक्छ ।
- सांस्कृतिक सम्पदा विज्ञले सांस्कृतिक सम्पदा पुनर्निर्माणका लागि स्वतन्त्र रूपमा कार्य गर्नेछन् ।

पुनर्निर्माण प्राधिकरणको सांगठनिक संरचना



अरू सार्वजनिक खर्च र कानुनभन्दा प्राधिकरणले कसरी भिन्न ढंगमा काम गर्छ?

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले खरिदका तथा सामाजिक र वातावरणीय प्रभाव सम्बन्धि प्रचलित कानुनी व्यवस्थालाई प्रतिस्थापन गर्दै पुनर्निर्माणलाई द्रुतता दिन नयाँ व्यवस्था गर्न सक्छ ।
- प्रमुख कार्यकारी अधिकृतलाई आवश्यक, उपयुक्त कर्मचारी नियुक्त गर्ने र बर्खास्त गर्ने अधिकार हुन्छ
- प्राधिकरणले अन्य सार्वजनिक कार्यालय र अधिकृतहरूलाई पुनर्निर्माण कार्य सम्पन्न गर्नका लागि निर्देश गर्न सक्छ ।
- प्राधिकरणलाई कसैले उसको निर्णय अटेर गरेको छ भन्ने लागेमा उसले सम्बन्धित विभागलाई कारबाहीको सिफारिश गर्न सक्छ ।

यद्यपि, अझै धेरै प्रश्नहरू अनुत्तरित छन् । यहाँ हामीले प्राधिकरणको सञ्चालन र परियोजना कार्यान्वयनमा तीव्रताका सम्बन्धमा अत्यन्तै महत्वपूर्ण १० ओटा सवाल उठाएका छौं । यसको जवाफ र कार्ययोजना प्राधिकरणको सफल सञ्चालनका लागि अत्यन्त महत्वपूर्ण हुन्छ :

पहिलो सत्र : पुनर्निर्माणका लागि उपयुक्त राजनीतिक वातावरण निर्माण

- हरेक राजनीतिक दलहरूले पुनर्निर्माण र पुनरोत्थानको कामलाई तीव्रता दिन पुनर्निर्माण प्राधिकरणलाई कसरी सघाउन सक्छन् ? कार्यान्वयन तहमा पुनर्निर्माणलाई तीव्रता दिन गतिशील राजनीतिक नेतृत्व विकासका लागि के गर्न सकिन्छ ?
- के राजनीतिक दलहरूले परियोजना कार्यान्वयनका क्रममा स्थानीय तहमा आइपर्नसक्ने अप्ठेरोहरू फुकाउन आफूभित्र छुट्टै समूह बनाएर पुनर्निर्माण र पुनरोत्थानका काममा अर्थपूर्ण सहभागिता जनाउन गइरहेका छन् ?
- पुनर्निर्माण परामर्श समितिमा राजनीतिक दलको भूमिका के हो ?
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सञ्चालन, व्यवस्थापन तथा पुनर्निर्माण क्रियाकलापमा युवालाई कसरी सहभागी गराउन सकिन्छ ?
- अन्य सामान्य अवस्थाको खर्चको तुलनामा प्राधिकरणले पुनर्निर्माणमा गर्ने खर्च राजनीतिक हस्तक्षेपमुक्त हुनसक्छ ?
- के पुनर्निर्माण परियोजनाहरू सार्वजनिक निजी साझेदारीमा पनि सम्पन्न गर्न सकिन्छ ? सार्वजनिक निजी साझेदारी नीति कहिले अनुमोदन हुन्छ र सार्वजनिक निजी साझेदारी केन्द्र कहिले स्थापना हुन्छ ?
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले विश्वविद्यालयको पढाइ भर्खरै सकेका युवाहरूलाई कसरी छोटो अवधिको तालिम दिएर उनीहरूलाई पुनर्निर्माण योजना, डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका काममा उपयोग गर्न सक्छ?

दोस्रो सत्र : प्रभावकारी संस्था तथा कर्मचारी संयन्त्र निर्माण

- मन्त्रालयहरूमार्फत् पुनर्निर्माणमा खर्च गर्न विनियोजित १७ अर्ब रूपै याँ कसरी खर्च हुन्छ ? के यो पनि सामान्य अवस्थाको पुँजीगत बजेटजस्तो न्यून खर्च हुन्छ ?
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अहिलेको सांगठनिक संरचना कत्तिको प्रभावकारी हुन्छ ? यो प्रक्रियागत काममै अल्झिने सम्भावना हुन्छ कि हुँदैन ? कार्यान्वयन निकायहरूलाई यसले कसरी समन्वयात्मक ढङ्गले अघि बढाउन सक्छ ?
- प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतलाई दिइएको स्वायत्तता कुन तहको हो ? प्राधिकरणको सुपरिवेक्षण गर्ने समितिले यसलाई कति अधिकार प्रदान गर्ला ?

- प्राधिकरण तथा पुनर्निर्माण परियोजनाहरूमा मानवस्रोत जुटाउने क्रममा अन्य नियमित विकास आयोजनाहरू जनशक्ति अभावका कारण प्रभावित नहुने सुनिश्चितता कसरी दिन सकिन्छ ?
- खर्च व्यवस्थापनमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको पाठ के हुन सक्छ ?
- के सरोकारवाला मन्त्रालयहरूले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले डिजाइन गरेका परियोजना, उसले गरिदिएको खरिद व्यवस्थामा पूर्ण स्वामित्व लिएर कार्यान्वयन गर्छन् ? मन्त्रालयहरूले निर्धारित समयभित्रै परियोजना कार्यान्वयन गर्छन् ? आश्यक मानवस्रोत पूर्णकालीन कर्मचारी या निश्चित कामका लागि करार सम्झौतामार्फत् पूरा गरिन्छ ?
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सञ्चालन, व्यवस्थापन तथा पुनर्निर्माण परियोजनाहरूमा युवाहरूको सहभागिता कसरी सुनिश्चित गरिन्छ ?
- के पुनर्निर्माण परियोजनाहरू सार्वजनिक निजी साझेदारीमा पनि सम्पन्न गर्न सकिन्छ ? सार्वजनिक निजी साझेदारी नीति कहिले अनुमोदन हुन्छ र सार्वजनिक निजी साझेदारी केन्द्र कहिले स्थापना हुन्छ ?
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले विश्वविद्यालयको पढाइ भर्खरै सकेका युवाहरूलाई कसरी छोटो अवधिको तालिम दिएर पुनर्निर्माण योजना, परियोजना डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका काममा उनीहरूको अर्थपूर्ण सहभागिता कसरी सुनिश्चित गर्ने ?
- पुनर्निर्माण प्राधिकरणले उद्धार, राहत र पुनर्स्थापनामा काम गर्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग कसरी काम गर्छ ?

तेस्रो सत्र : पुनर्निर्माण तीव्रताका लागि निजी क्षेत्रको भूमिका

- के निजी क्षेत्र पुनर्निर्माण सामग्रीहरूको पर्याप्त आपूर्तिका लागि तयार छ ? पुनर्निर्माण सामग्रीहरूको आयात सहजीकरणका लागि कस्तो नीति आवश्यक हुन्छ ?
- पुनर्निर्माणका आवश्यक पर्ने दक्ष, अर्धदक्ष कामदारको उपलब्धताको स्थिति कस्तो छ ? तत्काल सञ्चालन गरिने सीप विकास तालिम कार्यक्रमबाट कामदारको आवश्यकता पूर्ति हुन्छ ?
- के केही पुनर्निर्माण परियोजना सार्वजनिक निजी साझेदारीमा पनि सम्पन्न गर्न सकिन्छ ?
- विश्वविद्यालयको पढाइ सकेका युवालाई तालिम दिएर पुनर्निर्माण योजना, परियोजना डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका सहभागि गराउन निजी क्षेत्रको के भूमिका रहन्छ ?
- निजी योगदानलाई पुनर्निर्माण कार्यमा परिचालन गर्न के गर्न सकिन्छ ?

कार्यान्वयन मार्गदर्शन

पुननिर्माण परियोजनाको प्रभावकारी कार्यान्वयन गर्न समस्या समाधानका उपाय तथा व्यवहारिक मार्गदर्शनका लागि हामीले धेरै विभिन्न विधामा दक्षता हासिल गरेका सरोकारवालाको राय लियौं । विगत चार हप्ताका गरिएको अन्तर्क्रियाको मुख्य अभिरूची यसप्रकार छ :

- विश्वासीलो र समय सीमासहितको कार्य योजना जरूरी छ, जसले गर्दा प्राधिकरणले पुनर्स्थापना र पुनर्निर्माणका कामहरू निर्धारित समयभित्र गर्न सक्छ । राम्रो कार्यसम्पादनका लागि दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्छ ।
- अल्पकालीन (एक वर्ष) र मध्यकालीन (दुई देखि पाँच वर्ष योजना अत्त्यावश्यक छ ।
- सबै क्षेत्र र विषय समेट्ने केही परियोजनाको लगत तयार गरी परियोजना विकास सुरू गर्नुपर्छ । प्राधिकरण सञ्चालनमा नआएसम्म सम्बन्धित मन्त्रालयका सचिवले परियोजनाका सम्बन्धमा गृहकार्य गर्नुपर्छ, जसले गर्दा प्राधिकरण सञ्चालनमा आएलगत्तै यसलाई सम्पन्न गर्न सकियोस् ।
- व्यवस्थापकीय र गैर व्यवस्थापकीय दुवै कामका लागि आवश्यकता अनुसार आउटसोर्सिङ गर्ने व्यवस्था (समयसीमा सहितको नतिजामुखी करार सम्झौता हुनुपर्छ) ले परियोजना कार्यान्वयन, लाई तीव्रता दिन तथा पूर्णकालीन कर्मचारीमा लाग्ने सरकारको दीर्घकालीन वित्तिय दायित्व कम गर्न सकिन्छ ।
- प्रभावकारी घुम्ती टोली परिचालन गर्न सकियोस् ताकि उनीहरूले ठाउँ विशेषको आवश्यकता पहिचान गरेर प्रभावकारी योजना निर्माणमा सहयोग गर्छन् । यसले स्थानीय तहमा आइपर्ने अड्चनहरू पनि कम हुन्छ ।
- विकास निर्माण सम्बन्धित योजना निर्माण, अनुगमन तथा मूल्यांकनमा समुदायको क्षमता विकास गराउनुपर्छ । योजना, रणनीति तथा ठेक्कासम्झौता व्यवस्थापनबीचको उचित तालमेलले परियोजना कार्यान्वयनमा सहजता ल्याउँछ ।
- विशेष प्रकृतिका संस्थानहरू (इन्जिनियरिङ, औषधी विज्ञान, कृषि आदि) र विश्वविद्यालयसँगको समन्वयले प्रशिक्षार्थीहरूको सहयोग लिन तथा उनीहरूलाई अल्प तथा मध्यकालको लागि करारमा काम गराउन सकिन्छ । यससँगै विपद्पछिको पुनर्स्थापना र पुनर्निर्माण कार्ययोजना सम्बन्धि छोटो अवधिको प्रभावकारी तालिम कार्यक्रम समावेश गर्नु राम्रो हुन्छ ।
- प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतलाई सरकारका विभिन्न विभागका दक्ष र कुशल कर्मचारीहरूलाई पुनर्निर्माणका काममा लगाउनसक्ने अधिकार प्रदान गर्नुपर्छ । यसले गर्दा सल्लाहकारहरूको समूह र प्रशासन समूह खडा गर्न लाग्ने समयलाई उल्लेख्य घटाउन सकिन्छ ।
- निजी क्षेत्रलाई पनि विज्ञ सिफारिश गर्न दिनुपर्छ, जसले गर्दा उनीहरूले स्वतन्त्र विश्लेषण तयार गर्न, ठेक्का व्यवस्थापन, परामर्श सुपरिवेक्षणसँग सम्बन्धित कार्यान्वयन तहका अवरोध निराकरणका लागि प्राधिकरणसँग समन्वय गर्न सक्छन् ।
- सार्वजनिक र निजी घरहरू निर्माणका लागि विभिन्न प्याकेज घोषणा गर्ने जसले गर्दा दुई वर्षभित्रै घरहरू निर्माणको काम सम्पन्न गर्न सकियोस् ।
- स्थानीय समुदाय, स्थानीय तथा गैर-स्थानीय विज्ञलाई विद्यालय, सामुदायिक केन्द्र, अस्पताल, सार्वजनिक कार्यालय, सांस्कृतिक सम्पदा निर्माणमा सहभागी गराउनुपर्छ जसले गर्दा जग्गा प्राप्ति लगायतका कामहरू सरल हुन्छन् ।
- समुदाय र विशिष्टीकृत शैक्षिक संस्थाहरूलाई कामको गुणस्तर तथा प्रभावकारिता अनुगमन तथा मूल्यांकन गर्न दिनुपर्छ ।
- पुनर्निर्माण बजेट आगामी पाँच वर्षका लागि पर्याप्त हुने गरी स्रोत परिचालन गर्नुपर्छ । ●

नेपाल आर्थिक पत्रकार समाज
(सेजन)
अनामनगर, काठमाण्डौ
फोन नं. : ४२४२५६७
इमेल : nepal.sejon@gmail.com
वेबसाइट : www.sejon.com.np